# सुनकोशी गाउँपालिका

## स्थानीय राजपत्र

## प्रदेश : वागमती नेपाल

## सुनकोशी गाउँपालीका, गाउँकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

### सुनकोशी गाउँपालीकाको

### बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा बालक्लब, बाल संजाल संचालन कार्यविधी  २०७९

## प्रस्तावनाः

राष्ट्र निर्माणको लागि बालबालिकाहरुको भुमिका महत्वपुर्ण हुने भएकाले उनीहरुको शारीरिक , सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरुको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि , बाल अधिकारको सम्मान , सवर्द्धन गर्दै बाल बालबालिकहरुको हकहित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई सुनकोशी गाउँपालिकामा सामाजिक ,सांस्कृतिक , शैक्षिक एवं अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकास, बाल संरक्षणको पहल तथा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न बालअधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धी , नेपालको संविधान २०७२,प्रचालित बालबालिका सम्वन्धी विद्यमान कानुन तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले परिकल्पना गरेको विषयलाई कार्यान्वयन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ मा भएको व्यवस्था तथा प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिकाबाट यो निर्देशिका बनाई लागु गरिएको छ ।

## परिच्छेद १ : प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भ :

(१) यस निर्देशिकाको नाम : **बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा बालक्लब, बाल संजाल संचालन र दर्ता कार्यविधी २०७९**

(२) यो निर्देशिका गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

## परिच्छेद –२

## परिभाषा र व्याख्या

(क) क्लब भन्नाले यस निर्देशिकाको दफा ६ बमोजिम गठन भइ सुनकोशी गाउँपालिका कार्यालयमा सुचिकृत भएको बाल क्लवलाई जनाउँछ ।

(ख) बाल संजाल भन्नाले दफा ९ बमोजिम गठन भइ गाउँ कार्यपालिकामा सुचिकृत भएको बालसंजाललाई जनाउँछ ।

(ग) गाउँपालिका भन्नाले सुनकोशी गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) गाउँपालिका अध्यक्ष भन्नाले सुनकोशी गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ।

(ङ) गाउँपालिका उपाध्यक्ष भन्नाले सुनकोशी गाउँपालिका उपाध्यक्षलाई सम्झनुपर्छ।

(च) प्रमुख प्रशासकिय अधिकृत भन्नाले सुनकोशी गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनुपर्छ।

(छ) तोकिएको भन्नाले सुनकोशी गाउँपालिकाको कार्यापालिका वा गाउँ सभाबाट तोकिएको सम्झनुपर्छ ।

ज)संविधान भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

झ)ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ञ)बालबालिका सम्वन्धी ऐन भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५ लाई सम्झनु पर्दछ ।

ट)बालबालिका भन्नाले १८ वर्ष उमेर पुरा नभएका बालबालिकालाई सम्झनु पर्दछ ।

ठ)बाल अधिकार समिति भन्नाले बालबालिकाहरुको आधारभूत अधिकारहरुको संरक्षण तथा संवर्द्धन गर्न का लागि गठन भएको सुनकोशी गाउँपालिका स्तरीय तथा वडा स्तरीय समितिलाई सम्झनु पर्दछ ।

ड)बालमैत्री स्थानीय शासन भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वय कार्यविधी २०७८ तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ समेतलाई सम्झनु पर्दछ ।

ढ)सहयोगि संस्था भन्नाले सुनकोशी गाउँपालिकामा बाल समुहलाई सहयोग गर्ने , बाल सहभागिताका विभिन्न कार्यक्रमहरु संचालन गरी रहेका गैर सरकारी संस्थाहरुलाई बुझाउँदछ ।

ण) वडा अध्यक्ष भन्नाले सुनकोशी गाउँपालिका अन्तर्गत वडाका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

त)संरक्षक भन्नाले विद्यालयस्तरीय क्लवमा बालसमुहलाई सहयोग सहजीकरण गर्न तोकिएको शिक्षक र वडास्तरीय क्लवमा बालसमुहलाई सहजीकरण गर्न वडा सचिवलाई सम्झनु पर्दछ ।

थ) बालमैत्री स्थानीय शासन समिति भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७८ तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ बमोजिम गठित समितिलाई जनाउँदछ ।

## परिच्छेद–३

## उद्देश्य

३.उद्देश्य : यस कार्यविधीको उद्देश्य देहाय बमोजिम हुनेछ :

क)सवै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा संवर्द्धन गर्न ।

ख )बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रवर्द्धन गर्न ।

ग)बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।

घ)बालबालिका माथि हुने हिंसा, दुर्व्यवहार, हानी, र जोखिम न्युनिकरण गर्न ।

ङ)बालबालिकाहरुको अभिलेख(घटना व्यवस्थापन,सूचना, तथ्यांक, जन्मदर्ता) व्यवस्थापन गर्ने ।

च)बालअधिकारको संरक्षण र संवर्द्धनका लागि सरकारी , गैरसरकारी र अन्य सरोकारवालाहरु सँग समन्वय , सहकार्य, साझेदारी र सेवा प्रदायकको सुचिकृत गर्न ।

छ) बालश्रमको न्यूनिकरण गर्न ।

## परिच्छेद –४

## बालबालिकाको हक अधिकार संरक्षण सम्वन्धी कानुनी व्यवस्थाहरु

**४.बालबालिकाको हक अधिकार संरक्षण सम्वन्धी कानुनी व्यवस्थाहरुः** बालबालिकाको अधिकारलाई स्थापित गर्न तथा बाल संरक्षणका लागि विद्यमान कानूनलाई कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिने छन्:

१) गर्भमानै बालबालिकाको लिंग पहिचान गर्ने , लिंगको आधारमा विभेद गर्ने र गर्भ पतन गर्ने प्रचलनलाई अन्त्य गर्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

२)जन्मदर्ता सम्वन्धी सचेतना अभियान संचालन(टोल विकास संस्था, महिला समुह, महिला स्वयमसेविकाहरु, बालक्लव तथा बालसंजाल, किशोरी संजाल)जन्मेको ३५ दिन भित्र जन्मदर्ता गर्न अभिभावकलाई सूसुचित गर्ने ।

३)बालविवाह रोकथाम तथा न्यूनिकरणका लागि सचेतना अभिवृद्धि कार्यक्रम संचालन,

४)बालविवाह विरुद्धमा रेडियो सन्देश प्रसारण, पोष्टर , पम्प्लेट , होडिङ वोर्ड, पाइप व्यानर तयारी ।

५)बैवाहिक कार्यक्रममा संलग्न हुने गुरुपुरोहित, धामी, झाँकी , लामा आदि सँग बालविवाह अन्त्यका लागि अन्तरक्रिया कार्यक्रम संचालन ।

६)श्रमिक बालबालिकाहरुको तथ्यांक संकलनका लागि होटल ,ईंटाभट्टा लगायतमा अनुगमन , तथ्यांक संकलन,

७)किशोरी जिवनोपयोगि सीप , तालिम, आयआर्जन कार्यक्रम संचालन ।

८)हिंसा, दुर्व्यवहार, बेचविखन न्यूनिकरणका लागि घर, परिवार, विद्यालय तथा समुदायमा सचेतनामूलक कार्यक्रम संचालन ।

९)बाल अधिकार समितिको क्षमता विकास, अभिमुखिकरण कार्यक्रम संचालन, बालसंरक्षण कार्ययोजना निर्माण र कार्यान्वयन ।

१०)भयरहित शिक्षा तथा विद्यालय शान्ति क्षेत्र अभियान संचालन ।

११)बालकोषका स्थापना ।

१२)बालक्लव तथा बालसंजाल गठन , दर्ता तथा परिचालन ।

## परिच्छेद–५

## बाल कल्याण सम्वन्धी संस्थागत कार्य

**५.१.क.स्थानीय बालअधिकार समिति गठन :** बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्द्धन गर्ने सम्वन्धमा आवश्यक नीति निर्माण गरी गाउँपालिकालाई सिफारिस गर्ने समेत कामको लागि गाउँपालिकामा एक बाल अधिकार समिति गठन गरिने छ ।

२.अधिकार समितिको गठन देहाय बमोजिम हुने छ :

क ) गाउँपालिकाको उपाध्यक्ष...............................................संयोजक

ख)प्रमुख प्रशासकीय अधिकृत..............................................सदस्य

ग)गाउँपालिकाका शिक्षा शाखा प्रमुख ....................................सदस्य

घ)गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य.........................सदस्य

ङ)स्थानीय प्रहरी चौकी प्रमुख ..........................................सदस्य

च)गाउँपालिका योजना शाखा प्रमुख..................................सदस्य

छ)गाउँकार्यपालिका सदस्यहरु मध्येबाट २ जना(१ महिला सहित) ....सदस्य

ज)बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु मध्येबाट २ जना ................सदस्य

झ)बालक्लव संजाल बाट २ जना(१ बालक, १ बालिका)....................................सदस्य

ञ) सामाजिक विकास शाखा प्रमुख ............................................................सदस्य

ट) कानुनी सल्लाहकार ..........................................................................सदस्य

ठ) महिला तथा बालबालिका शाखा प्रमुख .............................................सदस्य सचिव

३.बाल अधिकार समितिले आवश्यकता अनुसार समितिको बैठकमा गाउँपालिकाको अध्यक्ष तथा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्ने छ ।

४.समितिका सदस्यको पदावधि ३ वर्षको हुने छ र निजहरुलाई पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछन् ।

५. समितिले आफ्नो कार्य थप प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्ने छ ।

६)समितिलाई आवश्यक पर्ने कर्मचारी गाउँपालिकाले उपलब्ध गराउने छ ।

**क.२.समितिको बैठक** : १)समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्ने छ ।

२) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउने छ

३)समितिमा तत्काल कायम रहको सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

४)समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

**क.३. बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार : १) बाल बालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले समितिको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :**

क)विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ।

ख)बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, लगायतका निकायको सूचिकृत गर्ने, सेवा मापन गर्ने तथा आवश्यक निर्देशन तथा कारवाही र सो को लागि सम्वन्धीत निकायमा सिफारिस गर्ने ।

ग)बालमैत्री योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने तथा यसको अनुगमन गर्ने , मूल्यांकन र निरिक्षण तथा आवश्यक निर्देशन तथा सो का लागि सम्वन्धीत निकायमा सिफारिस गर्ने ।

घ)बाल अधिकारको संरक्षण र संवर्द्धनका निमित्त विभिन्न कार्यक्रम गर्ने ।

ङ)बालबालिकाको निमित्त आकस्मीक सहयोग तथा दिगो विकासका लागि श्रोत व्यवस्था मिलाउने ।

च)वार्षिक रुपमा बालबालिकाको तथ्यांक संकलन, अद्यावधिक गर्ने , स्थीति पत्र तयार गर्ने ।

छ)बाल बालिकाका हक, अधिकार सम्वन्धी तोकिएका अन्य कार्य गर्ने ।

**ख .१) वडास्तरीय बाल अधिकार समितिको गठन, काम, कर्तव्य र अधिकार :** वडामा देहाय बमोजिमको बाल अधिकार समिति गठन गरिने छ :

क) वडा अध्यक्ष ...............................................................संयोजक

ख)वडा सदस्य १ महिला सहित २ जना............................................सदस्य

ग)शिक्षक प्रतिनिधि.......................................................................सदस्य

घ)प्रहरी प्रमुख ..........................................................................सदस्य

ङ)महिला स्वयम सेवीका .................................... सदस्य

च)सम्वन्धित वडामा बाल अधिकारको क्षेत्रमा कार्यरत गै.स.स. ...... सदस्य

छ)आदिवासी , जनजाती, दलित प्रतिनिधि नागरिक समाज मध्येबाट ४ जना...........सदस्य

ज) वडा सचिव..........................................................................सदस्य सचिव

**ख.२.) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार :**

क)विशेष हेर चाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ।

ख)बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था लगायतका निकाय सँग समन्वय र सहकार्य गरी बाल अधिकारको संवर्द्धननात्मक र संरक्षणात्मक कार्यहरु गर्नै गराउने ।

ग)बालमैत्री योजना तर्जुमा गर्ने , सो को कार्यान्वियन गर्ने, अनुगमन गर्ने, मूल्यांकन गर्ने,निरिक्षण गर्ने ।

घ)बालबालिकाको लागि आकस्मीक सहयोग तथा सो का लागि श्रोत व्यवस्था मिलाउने ।

ङ)बालबालिका सम्वन्धी वडा नीति तथा कार्यक्रमको तयार गरी लागू गर्ने ।

च)बालबालिका सम्वन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी वडास्तरीय विशेष अभियान संचालन गर्ने ।

छ) बालबालिकाको हक अधिकार सँग सम्वन्धीत तोकिएका अन्य कार्य गर्ने ।

**ख.३) समितिको बैठक सम्वन्धी व्यवस्था :**

**क)** समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्ने छ ।

ख)समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिने छ ।

ग)समितिको बैठकमा कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने छ

घ) वडा बालअधिकार समितिको पदावधि तीन वर्षको हुने छ ।

**ग .१)बालमैत्री स्थानीय शासन समिति गठनः** बालबचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना र कार्यप्रकृयामा मूलप्रवाहिकरण गर्नका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ले दिएको अधिकारको आधारमा एक बालमैत्री स्थानीय शासन समिति गठन गरिने हुने छ ।जसमा देहायका सदस्यहरु रहने छन् :

१) गाउँपालिका अध्यक्ष.........................................अध्यक्ष

२) गाउँपालिका उपाध्यक्ष......................................सदस्य

३) प्रमुख प्रशासकीय अधिकृत................................सदस्य

४) वडा अध्यक्षहरु सवै .......................................सदस्य

५)कार्यपालिका सदस्यहरु मध्ये बाट एक महिला सहित  गा.पा. अध्यक्षबाट मनोनित ३ जना ............... सदस्य

६)स्वास्थ्य शाखा, शिक्षा शाखा,सामाजिक विकास शाखा,  कृषि, पशु , खानेपानी , योजना, लगायत विषयगत शाखा प्रमुख.............................................................................सदस्य

७)महिला र बालबालिकाको क्षेत्रमा कार्यरत गै.स.स. प्रतिनिधि २ जना ..........सदस्य

८)स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समितिबाट समितिले मनोनयन गरेको २ जना .........सदस्य

९)गा.पा.मा कार्यरत महिला शिक्षिका वा महिला स्वयमसेविका मध्ये समितिले मनोनयन गरेको २ जना................सदस्य

१०)महिला सहकारी वा आमा समुह मध्ये  १ जना ..............................सदस्य

११)स्थानीय प्रहरी चौकी प्रमुख .......................................सदस्य

१२) बालक्लव , बाल संजाल प्रतिनिधी २ जना (१ बालक, १ बालिका)..................सदस्य

१३)महिला तथा बालबालिका शाखा प्रमुख ..........................................सदस्य सचिव

ग .२) बालमैत्री स्थानीय शासन समितिको काम, कर्तव्य र अधिकार :

- बालमैत्री पालिका तथा वडा घोषणाको लागि नितीगत निर्णयहरु गर्ने ।
- बालमैत्री योजना तर्जुमा गर्ने ।
- बालमैत्री स्थानीय शासनका लागि उल्लेखित सूचकहरु पुरा गर्नका लागि नेतृत्व तथा सहजीकरण गर्ने ।
- बालमैत्री घोषणा लागि गरिने कार्यहरुका समग्र अनुगमन गर्ने ।

घ) बालमैत्री स्थानीय शासन समितिको बैठक वर्षमा कम्तिमा ३ पटक वस्नेछ । आवश्यकताको आधारमा अन्य समयमा वस्न सक्ने छ ।

**घ.१)वडा बालमैत्री स्थानीय शासन समितिको काम, कर्तव्य र अधिकार :**

१)वडा अध्यक्ष...............................................संयोजक

२)वडा सदस्यहरु ...............................................सदस्य

३)प्रहरी प्रमुख वा प्रतिनिधि ................................सदस्य

४)वडा बालक्लव, संजाल प्रतिनिधि २ जना.............सदस्य

५)स्वास्थ्य संस्थाका प्रमुख ..................................सदस्य

६)गै.स.स. प्रतिनिधि.......................................सदस्य

७)महिला शिक्षक वा महिला स्वयम सेवीका मध्येबाट १ जना ..........सदस्य

८)विद्यालय व्यवस्थापन समिति वा स्वास्थ्य व्यवस्थापन समिति बाट १ जना...........सदस्य

९)वडा सचिव...............................................सदस्य सचिव

**घ.२)वडा बालमैत्री स्थानीय शासन समितिको काम, कर्तव्य र अधिकार :**

१)वडामा बालमैत्री घोषणाको निमित्त नीतिगत निर्णयहरु गर्ने ।

२)वडा बालमैत्री योजना तर्जुमा गर्ने ।

३)वडामा बालमैत्री शासनका लागि उल्लेख भए अनुसारका सूचकहरु पुरा गर्न नेतृत्व तथा सहजीकरण गर्ने ।

४)बालमैत्री गाउँपालिका घोषणाका लागि समन्वय तथा सहकार्य गर्ने ।

५)गाउँपालिकास्तरीय समितिबाट प्राप्त निर्देशन पालना तथा कार्यान्वयन गर्ने ।

६)वडा समितिको बैठक कम्तीमा वर्षमा ३ पटक बस्ने छ ।आवश्यकताको आधारमा समेत वस्न सकिने छ ।

**ङ).कार्यान्वयन सहजीकरण समितिः** बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नका लागि देहायका पदाधिकारीहरु रहने गरी कार्यन्वयन सहजीकरण समिति रहने छ :

**१)**प्रमुख प्रशासकीय अधिकृत...............................संयोजक
**२)सामाजिक विकास शाखा प्रमुख.........................सदस्य**
३)स्वास्थ्य शाखा प्रमुख.....................................सदस्य
४)शिक्षा शाखा प्रमुख ....................................सदस्य
५)योजना शाखा प्रमुख......................................सदस्य
५)खानेपानी , सरसफाई शाखा प्रमुख ..................सदस्य
६)गैर सरकारी संस्थाका प्रतिनिधि .............................सदस्य
७)स्थानीय बालक्लव, संजालबाट २ जना(१ बालक, १ बालिका)...........सदस्य
८)बालक्लवका पूर्व सदस्य................................सदस्य
९)स्थानीय विद्यालयका प्र.अ.बाट संयोजकले तोकेको १ जना..............सदस्य
१०) महिला तथा बालबालिका शाखा प्रमुख वा बालमैत्री सम्पर्क व्यक्ति .........सदस्य सचिव

ङ.१) **समितिको काम, कर्तव्य र अधिकार** : बालमैत्री स्थानीय शासन सम्वन्की कार्यक्रम कार्यान्वयन र प्रवर्द्धनका लागि गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क)बालमैत्री स्थानीय शासनको वार्षिक स्वीकृत कार्यक्रमको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
ख) साझेदार संस्थाहरुबाट हुने लगानीलाई सूचक प्राप्तीको लागि एकिकृत योजना बनाई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने ।
ग)बालमैत्री स्थानीय शासनको लागि स्रोत तथा लगानीको क्षेत्र खोजी गरी सिफारिस गर्ने ।
घ)कार्यक्रम कार्यान्वयनमा सरोकारवालाहरुको सार्थक सहभागिताको सुनिश्चित गर्ने ।
ङ)सूचक प्राप्तीको अवस्था विश्लेषण गर्ने तथा प्राप्तीका लागि मार्ग दर्शन गर्ने ।
च)कार्यक्रम कार्यान्वयनको कार्ययोजना बनाई सोको कार्यान्वयन र अनुगमन गर्ने ।
छ)बालमैत्री स्थानीय शासन अवलम्वन देखि घोषणा सम्मको अवधिको प्रगति समिक्षा तथा प्रतिवेदन तयारीमा सहजीकरण गर्ने ।

**ङ.२)बाल कल्याण अधिकारी :** बालबालिका सम्वन्धि ऐनको दफा ६१ मा भएको व्यवस्था अनुरुप गाउँपालिकाले बालकल्याण अधिकारी नियुक्त गर्ने छ। बालकल्याण अधिकारी नियुक्त नगरे सम्मका लागि महिला तथा बालबालिका शाखा प्रमुखलाई सो को जिम्मेवारी प्रदान गरिने छ ।

**ङ.३) बालकल्याण अधिकारीको काम , कर्तव्य र अकिकार :**

- बालकहरुको हक, हितको संरक्षण तथा बालकल्याण सम्वन्धी पालिकास्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न बालअकिकार समितिलाई सहयोग गर्ने ।
- बाल अधिकार समितिको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने गराउने ।
- बाल अधिकार समितिको वित्तिय लेखा राम्रो सँग राख्ने राख्न लगाउने ।
- बाल अधिकार समितिको निर्णय बमोजिम संरक्षण विहिन बालबालिकालाई संरक्षकत्व प्रदान गर्ने, बालगृहका लागि सिफारिस गर्ने ।
- आपत्कालिन अवस्थामा रहेको बालबालिकाको उद्धार तथा पुर्नस्थापना गर्ने ।
- बालबालिकाको क्षेत्रमा पालिकामा कार्यरत संस्थाहरुको सूचिकृत गर्ने ।
- बाल अधिकार समितिले तोकेको अन्य कार्य गर्ने ।

**ङ.४) बालमैत्री स्थानीय शासनका सूचकहरु :**

**बालबचाउ :**

१) गर्भवती महिलाले कम्तीमा प्रसुति पूर्व र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराएका हुने छ ।

२)गर्भवती महिलाले टिटनास विरुद्धको २ वटा खोप लगाएका हुने छन्।

३)गर्भवती तथा सुत्केरी आमाहरुले आइरन चक्की जम्मा २२५ वटा खाएका हुने छन् ।

४) दक्ष स्वास्थ्य कर्मी बाट सुत्केरी गराएका हुने छन् ।

५) ६ महिना सम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएका हुने छन् ।

६) ६ महिना देखि ५ वर्ष मुनिका सवै बालबालिकाहरुलाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनेछ ।

७) एक वर्ष भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सवै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुने छ ।

८)एच्आइभी संक्रमित आमाबाट जन्मिएका सवै बालबालिकाले ...................पाएका हुने छन् ।

९)सवै घरपारिवारले आयोडिन युक्त नुनको प्रयोग गरेको हुनेछन् ।

१०)कम तौल, पुड्कोपन, ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ ।

११)अति कडा कुपोषण भएका बालबालिकाहरुको संख्या शुन्य भएको हुनेछ ।

१२)सवै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ ।

१३)चर्पी गएपछि, बालबालिकाको दिशा धोए पछि र खाना खानु, खुवाउनु अघि सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुने छ ।

१४)प्रत्येक घर परिवारले शौचालयको प्रयोग भएको तथा खुला दिशा मुक्त घोषणा भएको हुने छ ।

**ख ) बालसंरक्षण**

१५ ) ५ वर्ष मुनिका सवै बालबालिकाहरुको जन्मदर्ता भएको हुने छ ।

१६)निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुर्नस्थापना भएको हुने छ ।

१७)स्थानीयतह बालविवाह मुक्त भएको हुने छ ।

१८) घरपरिवार ,समुदाय, सार्वजनिक स्थानमा बालबालिका विरुद्ध हुने हिंसा, बेचविखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमी आएको हुने छ ।

१९)समुदायमा आधारित बालसंरक्षण प्रणाली स्थापित भै संचालनमा आएको हुनेछ ।

२०) छुवाछुत जस्ता सामाजिक कुप्रथा नरहेको हुने छ ।

२१)स्थानीय तह समुदायले १४ वर्ष मुनीका असहाय बालबालिका भएमा सो संरक्षण गर्न विशेष व्यवस्था गरेको हुने छ ।

२२)स्थानीय तहमा सडक बालबालिकाको संख्या सुन्य भएको हुनेछ , त्यस्ता बालबालिका भएमा बाल संरक्षणको व्यवस्थापन भएको हुने छ ।

२३)स्थानीय तहमा रहका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन्।

२४)कूलतमा लागेका बालबालिकाका लागि बालसुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुने छ ।

**ग.बाल विकास**

२५.३ देखि ४ वर्ष उमेर पुगेका सवै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउ दर शतप्रतिशत रहको हुनेछ ।

२६)५ देखि १४ वर्ष उमेर समुहका शत् प्रतिशत बालबालिकाले आधारभूत शिक्षा(१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन् ।

२७)प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ ।

२८)सवै विद्यालयका पूर्वाधार(कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा)बालमैत्री , अपांगतामैत्री र सुरक्षित भएका हुनेछन् ।

२९) प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्वन्धी कार्यक्रम संचालन भएको हुनेछ ।

३०)सवै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग विसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् ।

घ) बालसहभागिताः

३१.स्थानीय तहमा समावेशी आधारमा बालक्लव, बालसंजाल गठन भई क्रियासिल रहेका हुनेछन्।

३२.स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बालक्लव गठन भई क्रियाशिल भएका हुनेछन्।

३३. ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधि रहने छन् ।

३४.स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लव संजालको प्रतिनिधि रहने छन् ।

३५.स्थानीय तहमा रहेका बालबालिका सम्वन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ ।

३६.बालभेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएको हुनेछन् ।

**ङ)संस्थागत विकास :**

३७.वडा/गाउँपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशिल भएका हुनेछन् ।

३८.स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् ।

३९.गाउँपालिकामा कम्तीमा १ वटा बाल उद्यान्न सहितको बालमैत्री सिकाई स्रोत केन्द्र संचालनमा रहेको हुनेछ ।

४०.बालबालिकाको वस्तुगत विवरणको आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ ।

४१.स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रकृयामा समावेश गरेको हुनेछ ।

४२.स्थानीय तहमा बालबालिका सम्वन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

४३.प्रारम्भिक बालबिकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।

४४.विद्यालयको कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री , वातावरणमैत्री,  र विपद् व्यवस्थापन सम्वन्धी अतिरिक्त कक्षा संचालन गरेको हुनेछन् ।

४५.आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगि शिक्षा प्राप्त गरेको हुनेछन् ।

४६.स्थानीय तहमा रहेका प्रहरी चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाई रहेको हुनेछ ।

४७.विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपांगतामैत्री हुनेछन्।

४८.स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ ।

४९.बस पार्क, सिनेमा हल, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुने छ ।

५०.स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्वोधन गर्ने प्रावधान समावेश भएको हुनेछ ।

५१.विपद्को समयमा बालबाीलका तथा अपांगता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ ।

**परिच्छेद ६ : बालक्लब सम्बन्धि व्यवस्था**

## ६. बालक्लवको गठन

(१)गाउँपालिका क्षेत्रका विद्यालय तथा टोल/समुदायस्तरमा बालक्लव गठन गरिनेछ ।

(२) सम्बन्धित विद्यालय वा टोल /समुदायमास्तरमा बालबालिकाको भेलाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१ जना तथा ६ देखि १० जना सम्म सदस्य रहने गरि बालक्लवको कार्य समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्य समितिको सदस्य हुन देहायको योग्यता पुगेको हुनुपर्नेछ ।

क) १२ वर्ष उमेर पुरा भै १८ वर्ष उमेर ननाघेको ।

ख)कुनै आपराधिक क्रियाकलापमा संलग्न नभएको ।

(४) उपदफा (३) बमोजिम गठन भएको बालक्लवको कार्यसमितिको अनुसुचि १ बमोजिमको ढाँचामा सुनकोशी गाउँपालिका कार्यालयमा सुचिकृत/आवद्ध दर्ता गरी अनुसुचि ३ बमोजिम को प्रमाण-पत्र दिनुपर्नेछ ।

(६) बालक्लवले एक जना संरक्षक र बढिमा ५ जना सम्म रहेको सल्लाहाकार समितिको गठन गर्नेछ ।

## ७. बालक्लवको काम कर्तव्य र अधिकार :

(क)बाल अधिकार सम्बन्धि राष्ट्रिय एवं अर्न्तराष्ट्रिय कानुको बारेमा सचेतना गराउनु ।

(ख) बाल समुहको विस्तार र संगठनात्मक क्षमता अभिवुद्धि गर्ने ।

(ग) धर्म, वर्ण,लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालवालिकाहरुलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने ।

(घ) बालबालिकाहरु मथि हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यवाहार, बालश्रम, बालवेचविखन, बालविवाहजस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानुनी उपचारको लागि सम्वन्धित निकायमा पहल गर्ने ।

(ङ)बाल अधिकारा सम्बन्धि बिविध कार्यक्रमहरु संचालन गर्नु ।

(च) बाल विकास सम्बन्धि विविध कार्यक्रम संचालन गर्नु ।

(छ) पुर्व बालविकास सम्बन्धि कार्यक्रमहरुमा सहभागी गराउनु ।

(ज) बालबालिका सम्बन्धि हरेक गतिविधिमा सहभागिता गराउनु ।

(झ) वातावरण स्वास्थ्य सम्बन्धि कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु ।

(ञ) आफ्नो समुह भित्रका बालवालिक सम्बन्धि विविध  आधारमा तथ्याङ्क संकलन गर्नु ।

(ट)बालवालिकाको समस्या पहिचान गरी सो समस्या सम्बन्धि निकायमा पुर्‍याउन र समाधान गर्ने प्रयत्न गर्नु ।

(ठ) जन्मदर्ता , बाल शिक्षा , बालवृद्धि (तौल) सरसफाई, खोप, पोषण, बालस्याहार , आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थ्यको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।

(ड) बालवालिकाहरुसँग सम्बन्धित रोग,  झाडा पखाला , निमोनिया तथा खुल्ला दिशा पिसाव मुक्त क्षेत्र बनाउने लगायतको विषयमा समाजमा जानकारी एवं सो को निराकरणको लागी चेतना जगाउनु ।
(ढ) गाउँपालिका तथा वडा समितिको कार्यालयवाट अमन्त्रण गरिएको वखत उपस्थित भै दिइएको जिम्मेवारी वहन गर्ने ।

(ण)  पिछडिएका , जोखिममा परेका ,विपन्न , द्वन्द्ध एवं दैवी प्रकोपबाट पिडित बालबालिकाहरुको पुर्नस्थापनाको लागी पहल गर्नु ।

(त) अन्य बाल समुहहरु वा निकायहरु सँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।

(थ) बालवालिकाको पुर्ण विकासका लागि अन्य विविध रचनात्मक कर्यक्रमहरु संचालन गर्ने ।

(द) एच.आइ.भि. एड्सका सम्बन्धमा जनचेतना जागृत गराउने ।

(ध) बाल विवाह, बहुविवाह, अनमेल विवाह, जातिय भेदभाव एवं दाइजो प्रथा लागायत सामाजिक विकृतिको विरुद्ध जनचेतना जगाउने ।

(न) बालवालिकाहरुलाई विविध प्रतिस्पर्धात्म गतिविधिमा विना भेदभाव  सरिक गराउन पहन गर्ने ।

## **<u>८.बाल क्लवको वैठक सम्बन्धि व्यवस्था ।</u>**

(१) बालक्लवको वैठकको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ ।

(२) कुल पदाधिकारी संख्याको पचास प्रतिशत भन्दा वढि सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) वैठक महिनामा १ पटन अनिवार्य बस्नुपर्नेछ । आवश्यक परेमा अध्यक्षले सचिवसँग परामर्श गरी वैठक बोलाउन सक्नेछ ।

(४) वैठकमा भएका छलफल र निर्णय छुट्टै निर्णय पुस्तिका खडा गरी प्रमाणि गरी अभिलेख राख्नुपर्नेछ ।

(५) वैठक सम्बन्धि अन्य व्यवस्था बाल क्लव आफैले निर्धारण गर्नेछ ।

## परिच्छेद : ९ बाल संजाल सम्बन्धि व्यवस्था

### ९. वडा बाल संजाल सम्बन्धि व्यवस्था :

(१) वडा भित्र क्रियाशिल रहेका विद्यालय र समुदाय स्तरका बालक्लवका प्रतिनिधि रहेको छुट्टै वडा स्तरिय बालसंजाल गठन गरिनेछ ।

(२) वडा स्तरीय बाल संजालनमा अध्यक्ष , उपाध्यक्ष , सचिव ,सह सचिव र कोषाध्यक्ष १/१ जना र ६ देखि १० जना सम्म सदस्य रहनेछन ।

(३) वडा स्तरीय बाल संजालको संरक्षक वडा अध्यक्ष हुनेछ ।

(४) आमन्त्रित गरिएको बखत वालसंजालको वैठकमा उपस्थित हुनु वडाका जनप्रतिनिधिहरुको कर्तव्य हुनेछ ।

(५) वडा बाल संजालनको काम कारवाहि संचालन तथा वैठक व्यवस्थापन गर्नको लागी आवस्यक पर्ने फर्निचर, मसलन्द लगाएतको व्यवस्था सम्बन्धित वडा कार्यालयबाट मिलाईदिनु पर्नेछ ।

(६) वडा बालसंजालको वैठक सम्बन्धि व्यवस्था यस कार्यविधिको दफा(५) मा उल्लेखित बालक्लबको वैठक सम्बन्धि व्यवस्था बमोजिम नै हुनेछ ।

(७) वडा स्तरीय बाल संजालको काम कर्तव्य र अधिकार यस कार्यविधिको दफा (४) मा उल्लेखित बाल क्लबको काम, कर्तव्य र अधिकार बमोजिम नै हुनेछ । यस बाहेक बाल संजालले देहायका थप कार्यहरु समेत सम्पादन गर्नु पर्नेछ ।

(क) वडा भित्र रहेका बाल क्लबहरु बिच सर्म्पक ,समन्वय र अनुगमन गर्ने ।

(ख) सर्म्पक र अनुगमनको क्रममा देखिएको समस्याहरु वैठकमा छलफल गरि वडा जनप्रतिनिधि समेतको समन्वयमा समाधान गर्ने प्रयत्न गर्ने ।

(ग) वडा स्तरमा संचालन हुने बालवालिका सम्बन्धि अन्य कार्यक्रमहरुमा सक्रियता पुर्वक सहभागि हुने ।

(घ) गाउँ स्तरीय बाल संजाल सँग निकट सर्म्पकमा रहने र गाउँ बाल संजालको निर्देशन बमोजिमका कार्यहरु सम्पादन गर्ने ।

(ङ) विद्यालय र समुदाय स्तरमा बालक्लव हरुको गठन र संचालन गर्न आवश्यक सहजिकरण र सहयोग गर्ने ।

(च) वडा बाल संजालको गाउँपालिकामा सुचिकृत आवद्धता दर्ताको लागी आवश्यक कागजात सहित निवेदन दिइ प्रमाणपत्र लिने ।

## ९.१. गाउँ बाल संजालको गठन :

(१) वडा बाल संजालको प्रतिनिधि समेत संलग्न हुने गरि १ गाउँ बाल संजाल गठन गरिने छ।

(२) गाउँ बाल संजालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्ष १ जना सदस्य रहनेछन ।

(३) गाउँ बाल संजालको गठन समावेशि आधारमा गरिनेछ ।

(४) गाउँ बाल संजालनको संरक्षकत्व गाउँपालिका प्रमुखको निहित रहनेछ । बाल संजालले बढि मा ७ जना रहनेगरि सल्लाहाकार समिति गठन गर्न सक्नेछ ।

(५) गाउँपालिकाको अध्यक्ष , उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत , सम्वन्धित शाखा प्रमुख वा कार्यपालिका सदस्य लाई गाउँ बाल संजालले वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) गाउँ बाल संजालको कार्यालय संचलन तथा वैठक व्यवस्थापन सम्बन्धि कार्यको लागी आवस्यक पर्ने फर्निचर तथा मसलन्द सामान र यातायात खर्चको व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ ।

# परिच्छेद १० :विविध

## १०. बालक्लब बाल संजालनको कार्यकाल

(१) विद्यालय वा समुदाय स्तरमा गठन भएका वडा तथा गाउँ स्तरमा गठन भएका बाल संजालको कार्यकाल गठन भएको मितिले २ वर्षको हुनेछ ।

(२) कार्यकाल समाप्त भएको ३५ दिन भित्र बालवालिकाको भेलाले बालक्लब गठन गरि यस कार्यविधिको दफा(३) बमोजिमको प्रक्रिया पुरा गरि गाउँपालिका कार्यालयमा सुचिकृत आवद्धताको लागी निवेदन दिनु पर्नेछ ।

## **११. भङ्ग गर्न सकिने :**

(१) विद्यालय वा समुदाय स्तरमा गठन भएका बालक्लब र वडा बाल संजाल लगातार ३ महिना बैठक बस्न नसकेमा आफ्ना काम कर्तव्य प्रति उदासिन र निष्कृय रहेमा वा अनुशासन हिन कार्य बारम्वर गरेमा वडा समितिले भङ्ग गर्न सक्नेछ ।

## **१२.विधान वनाउन सकिने :**

(१) यस कार्यविधि बमोजिम गठन हुने बालक्लवले आफ्नो काम कारवाहि व्यवस्थीत र नियमित गर्न विधान वनाई लागु गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम विधान वनाएको अवस्थामा गाउँपालिका कार्यालयमा पेश गरि स्वीकृत गराउनु पर्नेछ ।

## **१३ साधारण सभा सम्वन्धि व्यवस्था :**

(१) कार्यविधिको दफा(३) बमोजिम गठन भएका बालक्लवले वर्ष को १ पटक विद्यालय वा समुदायका वालविलकको भेला बोलाई साधारणसभा गर्नु पर्नेछ ।
(२) बालक्लवको अध्यक्षले साधारणसभाको अध्यक्षताको गर्ने छ ।
(३) बालक्लको आम्दानी र खर्चको हिसाव साधारणसभामा पेश गरि अनुमोदन गराउनु पर्नेछ ।
(४) साधारणसभाको निर्णय पुस्तिका सुरक्षित राख्नु पर्नेछ ।

## **१४ यसै कार्यविधि अनुशार गठन भएको मनिने :**

(१) हाल क्रियाशिल रहेका वडा वा समुदाय स्तरका वालक्लव वडा स्तरीय बाल संजाल गाउँ स्तरीय बाल संजाल यसै कार्यविधि अनुशार गठन भएको मानिनेछ ।

## **१५ सर्म्पक समन्वय गर्ने निकाय**

(१) बालक्लब बाल संजाल सम्बन्धि कार्यमा आवस्यक सहयोग र सहजिकरण गर्ने कार्य सम्बन्धि वडा कार्यालय र गाउँपालिका तहमा सामाजिक विकास शाखा,महिला तथा बालबालिका शाखा बाट गरीनेछ ।

## अनुसुची -१

## निवेदन पत्र

मिति

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सुनकोशी गाउँपालिका ।

**विषय : बाल क्लब सुचिकृत/आवद्धता गरी पाउँ ।**

महोदय,

हामीले बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा १० को उपदफा (१) बमोजिम ......................... नामको बालक्लब गठन गरेकाले सुनकोशी गाउँपालिकाको नियम बमोजिम बाल क्लव सुचिकृत/आवद्धता गर्नको लागी देहायको विवरण खुलाई निवेदन गर्दछौ ।

बालक्लवको विवरण
बालक्लवको नाम :
ठेगाना :
बालक्लवमा सदस्य संख्या जम्मा : ...... बालक ........... बालिका ...........
गठन मिति :
संरक्षकको नाम :
अध्यक्षको नाम :
सर्म्पक नं.
संलग्न कागजातहरु :
१) बालक्लवको विधान १ प्रति
२) बाल भेलाले बालक्लव गठन गर्नै निर्णय गरेको प्रतिलिपी
३) विद्यालयको हकमा विद्यालयको सिफारिको र समुदायको भए टोल विकास संस्थाको सिफारिस
४) बालक्लवको कार्यसमितिमा रहेका बालबालिकाहरुको जन्मदर्ताको प्रतिलिपी

भवदिय :
नामः
पद स

अनुसुची -२
सुनकोशी गाउँपालिका

कार्यालय रामटार, सिन्धुली

प्रदेश वागमती

## बालक्लव सुचिकृत/आवद्धता गर्ने दर्ता किताब

| क्र.स | बालक्लवको नाम | ठेगाना | बालक्लवमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सुचिकृत नं. र मिति | अध्यक्षको नाम र सम्पर्क नं. | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | बलक | बालिका | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**सुनकोशी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**रामटार सिन्धुली**
**प्रदेश वगमती**
**नेपाल**

## बावक्लव आवद्धता पमाण -पत्र

आवद्धता नं. ..........

मिति :

श्री .................................................बालक्लव

सिन्धुली जिल्ला सुनकोशी  गाउँपालिका को ..............................विद्यालय/समुदायमा गठन भएको ...................................बालक्लवलाई यस गाउँपालिकामा सुचिकृत गरी आवद्धताको प्रमाण -पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धि अन्तराष्ट्रिय महासन्धि , १९८९ तथा बालवालिका सम्बन्धि सबै कानुनहरुको अधिनमा रही बालअधिकार संरक्षण तथा गाउँपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सकृय भुमिकाको अपेक्षा गर्दछौ ।

**प्रमाणित गर्ने**

दस्तखत :

नाम :

## अनुसुची-४

## विधानको नमुना

...........बाल क्लव/बाल संजाल

....................विद्यालय/टोल

.........................................

## बाल क्लव संचालन सम्बन्धि विधान-२०७९

प्रस्तावना : बालअधिकारको संरक्षण र सम्बर्द्धनमा स्वयंम हामी बालबालिकाहरुबाटै सहयोग पुऱ्याउने अभिप्रायले बालअधिकार प्राप्तिका लागि महत्वपुर्ण सहयोगी सरोकारवाला पक्षहरुमा सचेतना अभिवृद्धि गर्दै हामी बालबालिकाहरुको भविष्यलाई उज्यालोतर्फ डोऱ्याउन हामी बालवालिकामा भएको क्षमता र प्रतिभाको विकाश र प्रस्फुटन गर्न साथै बालवालिकाहरुको बालबचाउको अधिकार, बालविकासको अधिकार र बालसंरक्षणको अधिकार प्राप्तिमा महत्वपुर्ण योगदान गर्न र आफ्नो अधिकार लिन बालसहभागिताको अधिकार मार्फत हामी बालक्लवका सम्पुर्ण पदाधिकारीहरु सहमत भई हाम्रो बाल क्लवको नाम ............................................बालक्लव राखी सुनकोशी गाउँपालिका वडा नं...... को ....................................मा क्लवको सम्पर्क कार्यालय रहने गरी यो बाल क्लवको विधान तयार गरी बालक्ल यो बाल क्लवको विधान तयार गरी बालक्लव दर्ताका लागी निवेदन गरेकोमा सुनकोशी गाउँपालिकामा दर्ता भई विधान स्वीकृत भएकोले यस क्लवको मिति ................................ को वैठकको निर्णयानुसार यो विधान लागु गरिएको छ ।

### परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस क्लवको नाम : ...................................बालक्लव रहनेछ । यो बाल क्लव समुदाय/विद्यालयस्तरको बाल क्लवको रुपमा रहनेछ ।

१.२ यो विधान सुनकोशी गाउँपालिकामा दर्ता भई क्लवको वैठकको निर्णयानुसार तोकिएको मिति देखि लागु हुनेछ ।

१.३ यस क्लवको ठेगाना सुनकोशि गाउँपालिका वडा नं. ..............................को ............................विद्यालय/समुदायमा रहनेछ ।

१.४ यस क्लवको छुट्टै छाप रहनेछ । छापको वरिपरि बाल क्लवको नाम ,ठेगाना र स्थापना मिति तथा बिचमा ........................भएका अंकित रहनेछ ।

## परिच्छेद-२

## परिभाषा, उद्देश्य तथा सदस्यता

२. परिभाषा विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

२.१ बालक्लव भन्नाले ..........................................समुदाय,विद्यालयमा रहेका १८ वर्ष सम्मका सबै बालवालिकाहरुको संगठित समुहलाई जनाउनेछ ।

२.२ **सदस्य** भन्नाले यस विधान बमोजिम क्लवको सदस्यता प्राप्त बालवालिका सम्झनुपर्दछ ।

२.३ **विधान** भन्नाले बालक्लवको विधान सम्झनुपर्नेछ ।

२.४ **साधारण सभा** भन्नाले विधान बमोजिम गठन भएको कार्यसमितिलाई जनाउनेछ ।

२.५ **कार्यसमिति** भन्नाले विधान बमोजिम गठन भएको कार्यसमितिलाई जनाउनेछ ।

२.६ **सल्लाहाकार समिति** भन्नाले बालक्लमा काम गरी अनुभव प्राप्त पुर्व पदाधिकारी एवं कार्यसमितिले मनोनित गरेका अन्य ब्यक्तिहरुको समुहलाई जनाउनेछ ।

२.७ **उपसमिति** भन्नाले आवश्यकताअनुसार गठन भएका सदस्यहरुको समुहलाई जनाउनेछ ।

२.८ **बालक** भन्नाले बालक र बालिका दुबैलाई सम्झनुपर्दछ ।

**३. क्लवको उद्देश्य** : निम्न उद्देश्यहरु लिई यो बालक्लव स्थापना गरेका छौ ।

क) हामी बालवालिकाहरुको भविष्यको लागी राम्रो जग बसाउन ।

ख) हामी निस्क्रिय रहने समयको सदुपयोग गर्न ।

ग) समुहसँग बसेर छलफल गर्न ।

घ) हामि आफ्नै अन्य बालवालिका साथिहरु, परिवार तथा समुदायका लागी उपयोगी हुने विषयहरुमा चेतना जगाई कार्य जिम्मा दिन र लिन ।

ङ) हामी बालवालिकाहरुमा सामाजिक र एकताको भावना जागृत गराउन ।

च) हामीलाई कार्यक्रम र व्यवहारले सिकाएका राम्रा कुराहरु व्यवहारमा उतार्न र समुदायमा परिवर्तन ल्याउन ।

छ) बाल अधिकारसँग सम्बन्धि समस्या केलाउन र समाधान गर्न सक्ने बन्न ।

ज) हामीमा नेतृत्व र आत्मविश्वास विकास गर्न साथै हामी र हाम्रो भावनाको विकास हामीमा गर्न ।

झ) बालअधिकार सँग सम्बन्धित विभिन्न क्रियाकलापहरुमा विद्यालयमा रहेका सम्पुर्ण दलित, अपाङ्ग , पछाडि परिएका विद्यालय पढदै गरेका बालवालिकाहरुको समेत सामुहिक सहभागिता जुटाउन ।

**४. क्लवको  उद्देश्य प्राप्तिका लागी संचालन गरिने क्रियाकलापहरुः**

क) क्लवको सदस्यता वितरण ।

ख) कार्यसमितिको चयन ।

ग) वार्षिक कार्ययोजना निर्माण ।

घ) कार्यविधि बमोजिम कार्यक्रमहरु संचान गर्ने ।

**५. सदस्यता सम्बन्धि व्यवस्था :**

**५.१ सदस्यको प्रकार : हाम्रो बाल क्लवमा देहाय बमोजिमका सदस्यहरु रहनेछ ।**

क) साधारण सदस्य

ख) कार्यसमिति सदस्य

ग) आश्यक सम्झौता अन्य प्रकारका सदस्यहरु समितिको निर्धारण गर्न सक्नेछ ।

**५.२ सदस्यता प्रदान गर्ने विधि र नियमहरु :**

क) यस क्लवको सदस्यता लिनको लगि १२ देखि १८ वर्ष ननाघेको बालवालिका हुनुपर्नेछ ।

ख) १८ वर्ष उमेर पुरा भईसकेपछि यस क्लबको सदस्यबाट स्वतः हटनेछन र सल्लाहाकारको रुपमा कार्य गर्न सक्नेछन ।

ग)बालक्लवमा सदस्य बन्नका लागि कार्यसमितिले तोके बमोजिमको शुल्क तिरी क्लबको सदस्यता रसिद लिनुपर्नेछ ।

घ) प्रत्येक सदस्यहरुको क्लबले निर्दिष्ट गरेको आचरणहरु पुरा गनुपर्नेछ । क्लबले आचरण सम्बन्धी कारवाही नगरेको अवधिसम्म यस क्लबको सदस्य बनिरहन सकिनेछ ।

## परिच्छेद-३

## साधारणसभा तथा कार्यसमिति

**६. वैठक सम्बन्धि व्यवस्था :**

६.१ कार्यसमितिको वैठक कम्तिमा वर्षको १२ पटक -मासिक एक पटक) र साधारणसभा वर्षको १ पटक बस्नेछ ।

६.२ २५ प्रतिशत सदस्यहरुले साधारण सभा बोलाई पाउ भनी क्लवका अध्यक्षसमक्ष निवेदन गरेमा अध्यक्षले विशेष साधारण सभा बोलाउन सक्नेछन ।

६.३ साधारणसभाका लागी ७ दिन अगावै साधारणसभा स्थान, समय, मिति र छलफलको हुने विषय सहित सम्पुर्ण सदस्यलाई उपस्थितिको लागि सुचना दिनुपर्नेछ ।

**७. कार्य समिति गठन विधि र पदावधि :**

७.१ साधारण सभाले प्रत्येक २ वर्षमा लोकतान्त्रिक प्रणालीबाट आफ्ना सदस्यहरुमध्ये बाट अध्यक्ष१, उपाध्यक्ष १, सचिव१,सहसचिव १, कोषाध्यक्ष१, र सदस्यहरु सहित ...................... जना सम्मको समिति गठन गर्न सकिने छ ।

७.२ यसरी गठन भएको कार्यसमितिको पदावधि २ वर्षको हुनेछ ।

**८. साधारण सभाको काम, कर्तव्य र अधिकारः**

८.१ सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तुत गरेका सुचिमा समावेश भएका विषयहरुमा छलफल गरी निर्णय गर्ने ।

८.२ क्लबको गतिविधि समिक्षा गरी आवश्यक निति निर्देशन तयार गर्ने ।

८.३ वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी स्वीकृत गर्ने ।

८.४ विधान संसोधन गर्नुपर्ने भए सो कुरा उल्लेख गरी वडा कार्यालय/विद्यालयको प्रधानाध्यापकको सिफारिसका साथ सुनकोशी गाउँपालिकामा पेश गरि संसोधन गर्ने ।

८.५ अन्य तोकिएका कार्यहरु गर्ने ।

## परिच्छेद-४

## कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

### ९. पदाधिकारीको काम, कर्तव्य र अधिकारः

### ९.१ अध्यक्ष

क) कार्य समिति र साधारण सभाको  अध्यक्षता गर्ने ।

ख) संस्थाको हितको लागी गनुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने ।

ग) संस्थाको निर्णयहरु कार्यान्वयन गर्ने र गर्न लगाउने ।

घ) संस्थाको उद्दे्श्य पुरा गर्न अन्य  आवश्यक काम गर्ने ।

ङ) मत बराबर भएमा निर्णायक मत दिने ।

च) समुदाय , विद्यालय, सुनकोशी गाउँपालिका र अन्य सहयोगी संस्थाहरु बिच समन्वयकर्ताको भुमिका निर्वाह गर्ने ।

### ९.२ उपाध्यक्ष

क) अध्यक्षको  अनुपस्थितिमा निजले गरी  आएको अधिकारहरु प्रयोग गर्ने ।

ख) अन्य बखत     अध्यक्षको सहयोगी भुमिका निर्वाह गर्ने।

ग) बाल क्लवको प्रबक्ता भई कार्य गर्ने ।

### ९.३ सचिब

क) साधारण सभा र कार्य समितिको निर्णय अनुरुप संस्थाको कार्यसंचालनमा सहयोग गर्ने।

ख) बैठक बोलाउने र बैठकको निर्णय अभिलेख राख्ने ।

ग) बैठकमा राखिने विषयहरुमा अग्रिम जानकारी सबैलाई पु¥याउने ।

घ) क्लबमा प्राप्त भएका सुचनाहरु क्लवका अन्य पदाधिकारीहरुलाई जानकारी गराउने ।

ङ) बैठकको माइन्युट गर्ने ।

### ९.४ सहसचिब

क) सचिब अनुपस्थित भएको खण्डमा सचिवले गर्ने सबै कामहरु गर्ने ।

ख) अध्यक्षले तोकेको अन्य कामहरु गर्ने ।

### ९.५ कोषाध्यक्ष

क) संस्थाको सम्पुर्ण नगदी,जिन्सीहरुको जिम्मा लिने र त्यस सम्बन्धि श्रेस्ताहरु अद्यावधिक राख्ने

ख) संस्थाको आय व्ययको विवरण कार्यसमितिमा र साधारण सभामा पेश गर्ने ।

ग) आगामी वर्षको बजेट तर्जुमा गरी साधारण सभामा पेश गर्ने ।

घ) आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रमा शिक्षकमध्येबाट लेखा परिक्षण गराउने ।

### ९.६ सदस्य

क) संस्थाको बैठकमा नियमित उपस्थित हुने ।

ख) संस्थाको हितको लागी सधै लागि पर्ने ।

ग) बैठकमा उपस्थित भइ आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।

घ) कार्यसमितिले निर्णय गरे अनुसारको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेद-५

### विविध

### १०. विधान संसोधन :

यस विधानमा उल्लेखित दफा उपदफाहरु संशोधन गर्नुपर्ने भएमम साधारण सभाको दुई तिहाइ बहुमतबाट शंसोधन गर्न सकिनेछ । तर संशोधन भएको उक्त विधान सुनकोशी गाउँपालिकाको स्वीकृति पाएको मितिदेखि मात्र लागु हुनेछ ।

### ११. निस्कृयता :

यस विधानमा लेखिएका कुराहरु प्रचलित कानुनसँग बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

**<u>क्लब दर्ता गर्दाका अवस्थामा रहेका कार्यसमिति सदस्यहरु र हस्ताक्षर</u>**

| क.स | नाम | उमेर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |

अनुसुची-५

वडास्तर र पालिकास्तरको बालक्लबको विधान नमुना

प्रस्तावना : बालअधिकारको संरक्षण र सम्बर्द्धनमा स्वयंम हामी बालबालिकाहरुबाटै सहयोग प्रऱ्याउने अभिप्रायले बालअधिकार प्राप्तिका लागि महत्वपुर्ण सहयोगी सरोकारवाला पक्षहरुमा सचेतना अभिवृद्धि गर्दै हामी बालबालिकाहरुको भविष्यलाई उज्यालोतर्फ डाऱ्याउन हामी बालवालिकामा भएको क्षमता र प्रतिभाको विकार र प्रस्फुटन गर्न साथै बालवालिकाहरुको बालबचाउको अधिकार, बालविकासको अधिकार र बालसंरक्षणको अधिकार प्राप्तिमा महत्वपुर्ण योगदान गर्न र आफ्नो अधिकार लिन बालसहभागिताको अधिकार मार्फत हामी बालक्लवका सम्पुर्ण पदाधिकारीहरु सहमत भई हाम्रो बाल क्लवको नाम .........................................बालक्लव राखी सुनकोशी गाउँपालिका वडा नं...... को ...................................मा क्लवको सम्पर्क कार्यालय रहने गरी यो बाल क्लवको विधान तयार गरी सुनकोशी गाउँपालिकामा दर्ताका लागी निवेदन गरेकोमा सुनकोशी गाउँपालिकाको मिति ................................ को निर्णयानुसार द.न. .............मा दर्ता भइ विधान स्वीकृत भएकोले स्वीकृत भएको मिति देखि यो विधान लागु गरिएको छ ।

**परिच्छेद-१**

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस क्लवको नाम : ...................................बालक्लव रहनेछ । यो बाल क्लव वडा /गाउँपालिका बाल क्लब संजालको रुपमा रहनेछ ।

१.२ यो विधान सुनकोशी गाउँपालिकामा दर्ता भई गाउँकार्यपालिको निर्णयानुसार तोकिएको मिति देखि लागु हुनेछ ।

१.३ यस क्लवको ठेगाना सुनकोशि गाउँपालिका वडा नं. ..............................को ............................मा रहनेछ ।

१.४ यस क्लवको छुट्टै छाप रहनेछ । छापको वरिपरि बाल क्लवको नाम ,ठेगाना र स्थापना मिति तथा बिचमा एक बालक र एक बालिका सहितरहनेछ ।

**परिच्छेद-२**

२. परिभाषा विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

२.१ **बालक्लव** भन्नाले बालक्लवले तोकेको १८ वर्ष सम्मका सबै बालवालिकाहरुको संगठित समुहलाई जनाउनेछ ।

२.२ **सदस्य** भन्नाले यस विधान बमोजिम क्लवको सदस्यता प्राप्त बालवालिका सम्झनुपर्दछ ।

२.३ **विधान** भन्नाले बालक्लवको विधान सम्झनुपर्नेछ ।

२.४ **साधारण सभा** भन्नाले विधान बमोजिम गठन भएको कार्यसमितिलाई जनाउनेछ ।

२.५ **कार्यसमिति** भन्नाले विधान बमोजिम गठन भएको कार्यसमितिलाई जनाउनेछ ।

२.६ **सल्लाहाकार समिति** भन्नाले बालक्लमा काम गरी अनुभव प्राप्त पुर्व पदाधिकारी एवं कार्यसमितिले मनोनित गरेका अन्य सरोकारवाला समुहलाई जनाउनेछ ।

२.७ **उपसमिति** भन्नाले आवश्यकताअनुसार गठन भएका सदस्यहरुको समुहलाई जनाउनेछ ।

२.८ **बालक** भन्नाले बालक र बालिका दुबैलाई सम्झनुपर्दछ ।

## परिच्छेद-३

३.१ **क्लवको उद्देश्य** : निम्न उद्देश्यहरु लिई यो बालक्लव स्थापना गरेका छौं ।

क) हामी बालवालिकाहरुको भविष्यको लागी राम्रो जग बसाउन ।

ख) हामी निस्क्रिय रहने समयको सदुपयोग गर्न ।

ग) समुहसँग बसेर छलफल गर्न ।

घ) हामि आफ्नै अन्य बालवालिका साथिहरु, परिवार तथा समुदायका लागी उपयोगी हुने विषयहरुमा चेतना जगाई कार्य जिम्मा दिन र लिन । हामी बालवालिकाहरुमा सामाजिक र एकताको भावना जागृत गराउन ।

ङ) हामीलाई कार्यक्रम र व्यवहारले सिकाएका राम्रा कुराहरु व्यवहारमा उतार्न र समुदायमा परिवर्तन ल्याउन ।

च) बाल अधिकारसँग सम्बन्धि समस्या केलाउन र समाधान गर्न सक्ने बन्न ।

छ) हामीमा नेतृत्व र आत्मविश्वास विकास गर्न साथै हामी र हाम्रो भावनाको विकास हामीमा गर्न ।

ज) बालअधिकार सँग सम्बन्धित विभिन्न क्रियाकलापहरुमा विद्यालयमा रहेका सम्पुर्ण दलित, अपाङ्ग , पछाडि परिएका विद्यालय पढदै गरेका बालवालिकाहरुको समेत सामुहिक सहभागिता जुटाउन ।

झ) बाल विवाह, बाल श्रमिक, बाल दुर्व्यबहार लगाएतका सामाजिक कुरितीहरु हटाउनका लागी सकारात्मक पहल गर्न ।

**४. क्लवको  उद्देश्य प्राप्तिका लागी संचालन गरिने क्रियाकलापहरुः**

क) क्लवको सदस्यता वितरण ।

ख) कार्यसमितिको चयन ।

ग) वार्षिक कार्ययोजना निर्माण ।

घ) कार्यविधि बमोजिम कार्यक्रमहरु संचान गर्ने ।

## परिच्छेद-४

५.१ सदस्यको प्रकारः

*हाम्रो बाल क्लबमा देहाय बमोजिमका सदस्यहरु रहनेछन :*

क) साधारण सदस्य

ख) कार्यसमिति सदस्य

**५.२ सदस्यता प्रदान गर्ने विधि र नियहरुः**

क) यस क्लबको सदस्यता लिनको लागी १२ वर्ष पुरा भई १८ वर्ष ननाघेको बालबालिका हुनुपर्नेछ ।

ख) १८ वर्ष उमेर पुरा  भईसकेपछि यस क्लबको सदस्यबाट स्वतः हटानेछन् र सल्लाहकारको रुपमा कार्य गर्न सक्नेछ ।

ग) समुदायका तोकिएका सेवा क्षेत्र भित्रका ८ वर्ष उमेर पुगेका सम्पुर्ण बालबालिकाहरु क्लको साधारण सदस्य बन्न सक्नेछन ।

घ) क्लबका प्रत्येक सदस्यहरुले कार्यसमितिले तोके बमोजिमको शुल्क तिरी क्लबको सदस्यता रसिद लिनुपर्नेछ ।

ङ) प्रत्येक सदस्यहरुले क्लबले निर्दिष्ट गरेका आचरणहरु पुरा गर्नुपर्नेछ । क्लबले आचरण

सम्बन्धि कारवाही नगरेको अवधिसम्म यस क्लबको सदस्य बनिरहन सकिनेछ ।

## परिच्छेद-५

६.साधारणसभा तथा कार्यसमितिको बैठक सम्बन्धि व्यवस्थाः

६.१ कार्यसमितिको बैठक कम्तिमा वर्षको १२ पटक (मासिक एक पटक) र साधारणसभा वर्ष १ पटक बस्नेछ ।

६.२ २५ प्रतिशत सदस्यहरुले साधारण सभा बोलाई पाउ भनी क्लबका अध्यक्ष समक्ष निवेदन गरेमा अध्यक्ष विशेष साधारण सभा बोलाउन सक्नेछ ।

६.३ साधारणसभाका लागि ७ दिन अगावै साधारण सभाहुने स्थान , समय, मिति र छलफलका बुदाहरु सहित सम्पुर्ण सदस्यलाई उपस्थितिको लागि सुचना दिनुपर्नेछ ।

**७. कार्य समिति गठन विधि र पदावधिः**

७.१ साधारण सभाले प्रत्येक १ वर्षमा प्रजातान्त्रिक प्रणालिबाट आफ्ना सदस्यहरुमध्येबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव१,सहसचिव १, कोषाध्यक्ष१, र सदस्यहरु सहित ………. जना सम्मको कार्यसमितिको गठन गर्नेछ

७.२ यसरी गठन भएको कार्यसमितिको पदावधि २ वर्षको हुनेछ ।

**८. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

८.१ सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तुत गरेका सुचिमा समावेश भएका विषयहरुमा छलफल गरी निर्णय गर्ने ।

८.२ क्लबको गतिविधि समिक्षा गरी आवश्यक निति निर्देशन तयार गर्ने ।

८.३ क्लबको सार्वजनिक लेखा परीषण समुदायमा रहेका शिक्षकहरु मध्ये बाट गराई सोको प्रतिवेदन तयार गर्ने ।

८.४ वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी स्वीकृत गर्ने ।

८.५ विधान संसोधन गर्नुपर्ने भए सो कुरा उल्लेख गरी वडा कार्यालय/विद्यालयको प्रधानाध्यापकको सिफारिसका साथ सुनकोशी गाउँपालिकामा पेश गरि संसोधन गर्ने ।

८.६ अन्य तोकिएका कार्यहरु गर्ने ।

**<u>परिच्छेद-६</u>**

**कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**९. पदाधिकारीको काम, कर्तव्य र अधिकारः**

**९.१ <u>अध्यक्ष</u>**

क) कार्य समिति र साधारण सभाको  अध्यक्षता गर्ने ।

ख) संस्थाको हितको लागी गनुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने ।

ग) संस्थाको निर्णयहरु कार्यान्वयन गर्ने र गर्न लगाउने ।

घ) संस्थाको उद्देश्य पुरा गर्न अन्य  आवश्यक काम गर्ने ।

ङ) मत बराबर भएमा निर्णायक मत दिने ।

च) समुदाय , विद्यालय, सुनकोशी गाउँपालिका र अन्य सहयोगी संस्थाहरु बिच समन्वयकर्ताको भुमिका निर्वाह गर्ने ।

### ९.२ <u>उपाध्यक्ष</u>

क) अध्यक्षको  अनुपस्थितिमा निजले गरी  आएको अधिकारहरु प्रयोग गर्ने ।

ख) अन्य बखत     अध्यक्षको सहयोगी भुमिका निर्वाह गर्ने।

ग) बाल क्लवको प्रबक्ता भई कार्य गर्ने ।

### ९.३ <u>सचिब</u>

क) साधारण सभा र कार्य समितिको निर्णय अनुरुप संस्थाको कार्यसंचालनमा सहयोग गर्ने।

ख) बैठक बोलाउने र बैठकको निर्णय अभिलेख राख्ने ।

ग) बैठकमा राखिने विषयहरुमा अग्रिम जानकारी सबैलाई पुऱ्याउने ।

घ) क्लबमा प्राप्त भएका सुचनाहरु क्लवका अन्य पदाधिकारीहरुलाई जानकारी गराउने ।

ङ) बैठकको माइन्युट गर्ने ।

### ९.४ <u>सहसचिब</u>

क) सचिब अनुपस्थित भएको खण्डमा सचिवले गर्ने सबै कामहरु गर्ने ।

ख) अध्यक्षले तोकेको अन्य कामहरु गर्ने ।

### ९.५ <u>कोषाध्यक्ष</u>

क) संस्थाको सम्पुर्ण नगदी,जिन्सीहरुको जिम्मा लिने र त्यस सम्बन्धि श्रेस्ताहरु अद्यावधिक राख्ने

ख) संस्थाको आय व्ययको विवरण कार्यसमितिमा र साधारण सभामा पेश गर्ने ।

ग) आगामी वर्षको बजेट तर्जुमा गरी साधारण सभामा पेश गर्ने ।

घ) आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रमा शिक्षकमध्येबाट लेखा परिक्षण गराउने ।

### ९.६ सदस्य

क) संस्थाको बैठकमा नियमित उपस्थित हुने ।

ख) संस्थाको हितको लागी सधै लागि पर्ने ।

ग) बैठकमा उपस्थित भइ आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।

घ) कार्यसमितिले निर्णय गरे अनुसारको जिम्मेवारी वहन ग

## परिच्छेद-७

## विविध

### १०. विधान संसोधन :

यस विधानमा उल्लेखित दफा उपदफाहरु संशोधन गर्नुपर्ने भएमम साधारण सभाको दुई तिहाइ बहुमतबाट शंसोधन गर्न सकिनेछ । तर संशोधन भएको उक्त विधान सुनकोशी गाउँपालिकाको स्वीकृति पाएको मितिदेखि मात्र लागु हुनेछ ।

### ११. निस्कृयता :

यस विधानमा लेखिएका कुराहरु प्रचलित कानुनसँग बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

**क्लब दर्ता गर्दाका अवस्थामा रहेका कार्यसमिति सदस्यहरु र हस्ताक्षर**

| क.स | नाम | उमेर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |

**क्लबको लोगो**

वरिपरि बालक्लवको नाम, ठेगाना र स्थापना मिति तथा बिचमा एक बालक र एक बालिका अंकित लोगो

**विविध**

१. बाझिएको हद सम्म अमान्य:यो कार्यविधिमा प्रावधान संघिय तथा प्रदेश कानुन सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

२. भए गरेको मानिने : यस अघि यस गाउँपालिका बाट यस सम्बन्धि भए गरेका काम कारवाहि यसै बमोजम भए  गरेको  मानिने छ ।

३. बाधा  अडचन फुकाउने : यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अडकाउ परेमा वाधा अडकाउ कार्यापालिकाको निर्णयले गर्न सकिने छ ।